**मधेश प्रदेश सरकार**

# अर्थ मन्त्रालय

पत्र संख्याः-२०८०/८१
चलानी नम्बरः ५४

**जनकपुरधाम, नेपाल।**

मितिः २०८०/०५/१७

विषयः आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

श्री सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय(प्रशासन), मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, शिक्षा तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सचिवज्यू, प्रदेश लोक सेवा ~~योजना~~ आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री मुख्यन्यायाधिवक्ताज्यू, मुख्यन्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश मान्त्रालय/निकायहरुको निमित्त, मधेश प्रदेश संचित कोषबाट खर्च गर्ने अधिकारका लागि संवैधानिक प्रावधान अनुरुप २०८० असार १ गते प्रदेश सभामा विनियोजन विधेयक पेश भई पारित समेत भइसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ । सोही अनुसार प्रदेश विनियोजन ऐन, २०८० को दफा ८ को उपदफा ५ बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) प्रविष्टि भएको रकमलाई बजेट खर्च गर्ने अख्तियारी मानी उक्त ऐन प्रारम्भ भएको मितिदेखि आर्थिक वर्ष २०८०/८१ का लागि तहँ अन्तर्गत नियकायहरुमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने गराउने समेतको जिम्मेवारी तहाँबाट बहन हुने विश्वास लिएको छु ।

आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

पत्र संख्याः-२०८०/८१
चलानी नम्बरः

जनकपुरधाम, नेपाल।

अख्तियारी, कार्यक्रम स्वीकृत तथा बजेट बाँडफाँटः

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System - PLMBIS) मा प्रविष्टि भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम मान्नु हुनेछ र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतका इकाई कार्यालयहरुले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।

२. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा खर्च गर्ने निकायहरुलाई २०८० असोज मसान्त भित्र सम्पूर्ण रकम बाँडफाँट गरिसक्नु पर्नेछ र सो को जानकारी अर्थ मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

३. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने - चालु खर्च), ३१५११ (भैपरी आउने - पुंजीगत खर्च) र अन्य खर्च शीर्षकहरुमा अवण्डा रहेको बजेट विनियोजन भएको भए सो समेत अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराई मात्र खर्च गर्नुपर्नेछ। यस्ता बाँडफाँट २०८० असोज मसान्तभित्र गरी सक्नुपर्नेछ। वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको तेस्रो त्रैमासिक सम्म हुन नसकेमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने ठहर भएमा त्यस्तो रकम २०८१ बैशाख ५ गतेभित्र अनिवार्य रुपमा अर्थ मन्त्रालयमा समर्पण गर्नु हुनेछ ।

कार्यक्रम/आयोजना हस्तान्तरण र कार्यान्वयनः

४. नेपाल सरकारबाट सशर्त अनुदान मार्फत हस्तान्तरण भएका आयोजना/कार्यालय/कार्यक्रमको बजेट तहाँ अन्तर्गत समावेश गरिएको हुँदा मातहत सम्बन्धित निकायहरुलाई अख्तियारी प्रदान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमको लागि मात्र खर्च गर्नु हुनेछ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा संचालित हुने योजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नुहुनेछ। संघको अनुदान, बैदेशिक सहायता, नेपाल सरकारको ऋण रहेका कार्यक्रमहरुमा स्रोतको रकमको सुनिश्चितता नभई कार्यक्रम कार्यान्वयन गर्नुहुने छैन।

५. विनियोजन ऐन, २०८० को दफा ५ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजित भएको कुनै योजना वा कार्यक्रम संघ तथा स्थानीय तह मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा संघ तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

६. विषयगत मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अद्यावधिक अभिलेख राख्नु हुनेछ । विनियोजन ऐन, २०८० बमोजिम स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका हस्तानान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा हस्तानान्तरण भएको रकम अपर्याप्त भई रकम थप आवश्यक भएमा सशर्त अनुदान हस्तान्तरण



URL: www.mof.madhesh.gov.np फोन नं. ०४१-५२१५९८, ५२३०२८, ५२४६७७ Email: info.moeap@p2.gov.np

हुदाँका बखतका साविकको आयोजनाको सुरु सम्झौता बमोजिमको रकम थप रकम माग गरेको दिनसम्मको खर्च आयोजना सम्पन्न हुने मिति र आवश्यक पर्ने थप रकम सहित त्यस्तों कार्यक्रम/योजनाको कार्य प्रगतिको आधारमा मात्र सम्बन्धित मन्त्रालय मार्फत थप रकम माग आउने व्यवस्था मिलाउनु हुनेछ।

७. अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/योजना कार्यान्वयन गर्ने सन्दर्भभा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। र सो को अवलम्बन स्थानीय तहले गर्नु पर्नेछ ।

८. स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएका योजना तथा कार्यक्रमको भौतिक तथा खर्च भएको रकमको त्रैमासिक विवरण प्रत्येक आर्थिक वर्षको मंसिर १५ गते, चैत्र १५ गते ,असार १५ गते भित्र र वार्षिक आर्थिक विवरण आगामी वर्षको श्रावण मसान्तभित्र सम्बन्धित प्रदेश कोष लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

**बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्थाः**

९. विनियोजन ऐन, २०८० अनुसार कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कुनै नयाँ ऐन तर्जुमा गर्नुपर्ने वा विद्यमान ऐन संसोधन गर्नुपर्ने भएमा ऐनको मस्यौदा असोज मसान्तसम्म प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गरी सक्नु हुनेछ । विद्यमान नियमावली , कार्यविधि, निर्देशिका, मापदण्ड र मार्गदर्शन संसोधन गर्नुपर्ने तर्जुमा गर्नुपर्ने भएमा असोज मसान्तभित्र अनिवार्य रुपमा सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१०. विनियोजन ऐन, २०८० अनुसार स्वीकृत कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनका लागि कार्यविधि आवश्यक पर्ने देखिएमा प्रदेश सरकार अर्थ मन्त्रालयको सहमति लिई सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि बनाउन सक्नेछ । सो कार्यविधि स्वीकृतभएको ७ दिनभित्र वेवसाइटमा राख्नु हुनेछ।

११. स्वीकृत वार्षिक कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजना सहितआवश्यक दरबन्दीहरु २०८० असोज १५ गते भित्र स्वीकृत गराई सक्नु हुनेछ ।

१२. बजेटको प्रभावकारी कार्यान्वयनका लागि बजेटमा समावेश भएका कार्यक्रमहरुकों समय सीमा सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना असोज मसान्तभित्र अनिवार्य रुपमा स्वीकृत गरीं कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। पूँजीगत खर्च जेष्ठ १५ गते भित्र खर्च गरि सक्ने व्यवस्था मिलाउनु हुनेछ र सो को जानकारी अर्थ मन्त्रालयमा पठाउनु हुनेछ।

१३. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा पछिल्ला वर्षहरुको स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयको पूर्व सहमति अनिवार्य लिनु हुनेछ। स्रोत सनिश्चितताका माग गर्दा

आगामी वर्षहरुको लागि आवश्यक पर्ने रकम मध्यकालीन खर्च संरचनाको सीमा भित्र रहनु पर्नेछ। समान्यतः प्रथम त्रैमासिक अवधिसम्म कुनै पनि रकमान्तर र कार्यक्रम संशोधन गरिने छैन।

१४. विपद जोखिम न्यूनीकरण आयोजना कार्यक्रमको बाहेक मंसिर मसान्त भित्र ठेक्का लगाइसक्नु पर्नेछ। माघ मसान्त पछि कुनै पनि किसिमबाट ठेक्का सम्झौता गरिने छैन। सो पश्चात गर्नु पर्ने भएमा अर्थ मन्त्रालयको स्वीकृति लिई मात्र गर्नु पर्नेछ। अन्य सालवसाली आयोजना/कार्यक्रम तोकिएको समय भन्दा पछि कुनै पनि किसिमको ठेक्का सम्झौता गरिने छैन ।

१५. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरु आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व तोकी असोज १५ गते भित्र आयोजनामा खटाउनु हुनेछ । यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमाविगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ। यसै गरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धी, अन्तर निकाय समन्वय लगातयका विषयहरुमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नु हनेछ।

१६. आयोजना/कार्यक्रमको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ। पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम् ५० प्रतिशत हुनु पर्नेछ ।

१७. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरु प्रचलित कानुनमा तोकिएको न्यूनतम समय सीमा भित्र सम्पन्न गर्नु हुनेछ ।

१८. स्वीकृत कार्यक्रम तथा आयोजनामा विनियोजित रकम ठेक्का बन्दोबस्तको प्रकृयाद्धारा सम्झौता भईसकेपछि बचत भएको रकम फिर्ता गर्नुपर्नेछ ।

१९. विभिन्न किसिमका कोष अनुदान सहायता र मागमा आधारित कार्यक्रममा विनियोजन भएको रकम कार्यविधि मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हनेछ।

२०. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२१. कार्य सम्पन्न भएपछि कामको प्रमाणीकरण गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गर्न लगाउनु हुनेछ। बिल पेश भएको मितिले १५ दिनभित्र बिल स्वीकृत गरी भुक्तानीको व्यवस्था मिलाउनु हुनेछ।

२२. सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार बजेटमा परेका आयोजनाकार्यक्रमको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान, बोलपत्रको कागजात तयार गरी असोज १५ गते भित्र स्वीकृत गरिसक्ने व्यवस्था मिलाउनु हुनेछ।

२३. असोज मसान्त भित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्काको बन्दोबस्त तथा खरिद सम्झौता गर्नुहुनेछ । ठेक्का सम्झौता भएको १५ दिन भित्र कार्य शुरु गर्ने गरी कार्यदेश दिने व्यवस्था मिलाउनु हुनेछ । बजेटमा परेका सबै विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयन प्रारम्भिक चरणका कार्य पूरा गरी पहिलो त्रैमासिक भित्र कार्य प्रारम्भ हुने तथा कार्यदेश दिने व्यवस्थाको लागि माहतहतका निकाय र आयोजना प्रमुखलाई जिम्मेवार बनाउनु हुनेछ ।

२४. तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य शुरू नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरुप काम नगर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम कारवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२५. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यहरुका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रुपमा पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ । अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नुहुनेछ । राष्ट्रिय सतर्कता केन्द्रबाट रु. १० करोड माथिको आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लांगतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई परिणाम (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ।

२६. कार्यक्रम/ आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य असोज मसान्त भित्र सम्पन्न गर्नु हुनेछ । कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दीहरू (अति आवश्यक हुने भए मात्र) असोज मसान्त भित्र स्वीकृत गराई सकनु पर्नेछ।

२७. विपद्को अवस्था, प्रदेश सरकार मन्त्रिपरिषद्कों निर्णय र विशेष अवस्था बाहेक दोस्रो त्रैमासिक अवधिसम्म थप निकासा दिईने छैन । विनियोजित बजेटको सीमा भित्र रही कार्यक्रम कार्यान्वय गर्नु/गराउनु हुनेछ।

**बजेट खर्च, रकमान्तर,कार्यक्रम संसोधन तथा प्रतिवेदनः**

२८. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनु पर्नेछ । तर त्रैमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायको एक तह माथिकों कार्यालय प्रमुखको स्वीकृति लिनुपर्नेछ वा राजपत्रांकित प्रथम श्रेणीको अधिकारीले स्वयं कार्यक्रम संशोधन गर्न सकनेछ। यसरी कार्यक्रम संशोधन गर्दा साबिकको बजेट घटने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्रास भएपछि मात्र संशोधन गरिनेछ। साथै सो को जानकारी अर्थ मन्त्रालयमा दिनु हुनेछ ।

२९. पूँजीगत खर्च तथा वित्तीय व्यवस्था तर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गरिने छैन।

३०. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

३१. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु र सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता वातपको रकम भुक्तानी गर्नु पर्नेछ। स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नु हुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ ।

३२. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका आयोजना/कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडी बढाउनु हुने छैन र स्वीकृत नभएका नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन। स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यस्थाको पालना गर्नु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरू गरिएका खरिद प्रकृया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि अर्थ मन्त्रालयबाट थप निकासा, रकमान्तर, स्रोतान्तर गरिने छैन ।

३३. नियमानुसार कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधन प्रक्रिया, रकमान्तर, स्रोतान्तर, थप निकासा लगायतका प्रक्रिया पूरा गरी PLMBIS प्रविष्टि गरेपछि मात्र खरिद प्रक्रिया अगाडी बढाउनु पर्नेछ।

३४. चालु अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महंगी भत्ता, पोशाक भत्ता, भाडा, पानी तथा बिजुली, संचार महसुल जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य कार्यका लागि बाँडफाँट गर्नु गराउनु हुनेछ । अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट श्रुजित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन ।

३५. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान संचालन हुने कार्यक्रमहरुकों बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा त्रैमासिक रुपमा प्राप्त हुने हुँदा खर्चकों विवरण प्रत्येक महिनाको ७ गते भित्र प्रगति प्रतिवेदन त्रैमासिक अन्त्य भएकों सात दिन भित्र अर्थ मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु हुनेछ।

३६. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्टी, सेवाशुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्यीता अपनाई खर्च गर्नु पर्नेछ । आवश्यकता र औचित्यका आधारमा मात्र अनुगमन तथा भ्रमण खर्च प्रदान गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ ।


URL: www.mof.madhesh.gov.np फोन नं. ०४१-५२१५९८, ५२३०२८, ५२४६७७ Email: info.moeap@p2.gov.np

३७. सरकारी कार्यालयहरुले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गका घर वहालमा नलिने र न्यूनतम आव्रश्यकता र सुविधा भएको घर वहालमा लिनुपर्नेछ। नयाँ फर्निचर तथा अन्य सामाग्री भएको लाई मर्मत संभार गरी प्रयोग गर्नुहुनेछ र काम नलाग्ने लिलाम विक्री अनिवार्य रुपमा गर्नुहुनेछ। चालु आर्थिक वर्षमा थप फर्निचर तथा फिक्चर्स, कम्प्यूटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्वन गर्नुहुनेछ ।

३८. तपसिलमा उल्लेख खर्च शीर्षकहरुमा विनियोजित बजेट खर्च गर्न आवश्यक भएमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई मात्र खर्च गर्नु हुनेछ ।

(क)३११६१ — निर्मित भवनको संचनात्मक सुधार
(ख)३११७१ — पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण
(ग) ३११३५ — पूँजीगत परामर्श
(घ) ३११२३ — फर्निचर तथा फिक्चर्स
(ङ) ३११२२ — मेसिनरी तथा औजार
(च) २२५१२ — सीप विकास तथा जनचेतना मूलक तालिम तथा गोष्ठी सम्बन्धी खर्च
(छ)२२५२२ — कार्यक्रम खर्च
(ज) २२५२९ — विविध कार्यक्रम खर्च
(झ)२६४१३ — अन्य संस्थालाई सशर्त अनुदान

३९. सरकारी कार्यालयहरुको लागि चार पाङ्ग्रे सवारी साधन खरिद गरिने छैन। अति आवश्यक भएमा अर्थ मन्त्रालयको सहमति लिई मात्र गर्ने । कानूनले सुविधा दिएको पदाधिकारी/ कर्मचारीलाई मात्र सवारी साधन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ । मर्मत सुधार गर्दा समेत सन्चालनमा नआउने सवारी साधन अनिवार्य रुपमा लिलामी गर्ने व्यवस्था मिलाईएको छ ।

४०. नियमानुसार उपभोक्ताले सम्पादन गर्ने प्रकृतिका कामहरु रु. ५० लाख भन्दा बढी अनिवार्य रुपमा खुल्ला प्रतिस्पर्धा गराई ठेक्का बन्दोबस्त गरी काम सम्पन्न गर्नुपर्ने छ ।

४१. प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि संचालन गर्दा विषयसँग सम्बन्धित संघीय तथा प्रदेशका अन्य मन्त्रालय तथा स्थानीय तहसँग समन्वय गरी दोहोरो नपर्ने गरी एकीकृत रुपमा संचालन गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी खर्चमा कार्यक्रम संचालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। होटलमा तालिम गोष्ठी गर्नु हुनेछैन । सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारको कार्यक्रम आयोजना गर्नुपर्नेछ ।

४२. जग्गाको मुआब्जा निर्धारण गर्दा रजिट्रेशन प्रयोजनको लागि सम्बन्धित मालपोत कार्यालयले निर्धारण गरेको सरकारी दररेटलाई आधार लिनु पर्नेछ।

४३. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृतिलाई निरुत्साहित गर्नु हुनेछ।

४४. कूटनीतिक महत्व र अन्तष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तराष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकका लागि अर्थ मन्त्रालयको सहमतिमा भाग लिनु पर्नेछ । विनियोजित बजेट खर्च गरी वैदेशिक भ्रमण गर्दा नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७५/०१/१० मा स्वीकृत गरेको वेदेशिक भ्रमण व्यवस्थापन निर्देशिकाको अधिनमा रही अर्थ मन्त्रालयको पूर्व सहमतिमा सानो, मितव्ययी र छोटो अवधिको भ्रमण व्यवस्था गर्नु पर्नेछ ।

४५. सबै सरकारी निकायले आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा प्रदेश मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयमन्त्रालयको पूर्व सहमती लिने प्रावधानकों पालना गर्नुहुनेछ। यसरी पूर्व सहमती मांग गर्दा प्रदेशको संचित कोषको अवस्था, आर्थिक दायित्वको मागको औचित्य र मितव्ययीताको पक्षलाई ध्यान दिनु हुनेछ।

४६. बिषयगत निकायमा रहेको जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा नगरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृतिलाई निरुत्साहित गर्नुहुनेछ ।

४७. स्वीकृत बजेट र कार्यक्रममा समावेश भएका बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा अर्थ मन्त्रालयको सहमति लिई मात्र गर्नु पर्नेछ। सहमति विना भएको निर्णयबाट सिर्जित दायित्व भुक्तानीमा अर्थ मन्त्रालय जिम्मेवार हुनेछैन ।

४८. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र सम्बन्धित प्रदेश लेखा इकाईमा पेश गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

**वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्थाः**

४९. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) असोज मसान्त भित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयकों वेबसाइट मार्फत सार्वजनिक गर्नु हुनेछ । साथै सोको जानकारी अर्थ मन्त्रालयलाई समेत दिनु हुनेछ।

५०. निर्माण कार्य स्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाकों नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धी) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ ।

५१. राजश्व तथा खर्चको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्यूटराइज प्रणालीबाट राख्ने व्यवस्था मिलाउनु हुनेछ।

५२. प्रदेश सरकार (मन्त्रिपरिषद्) द्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिकाहरु को अक्षरसः कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५३. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (PAN) लिनु पर्ने व्यक्ति, फर्म वा संस्थालाई भुक्तानी गर्दा तथा तलब भत्ता, दैनिक भ्रमण भत्ता र कार्यक्रम संचालन गर्नका लागि दिइने पेश्कीहरुको समेत अनिवार्य रुपमा स्थायी लेखा नं. (PAN) उल्लेख गरी भुक्तानी गर्ने र स्थायी लेखा नं. को प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुहुनेछ।

५४. विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको आयकर र पारिश्रमिक कर अग्रिम रुपमा कट्टा गरी दाखिला गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५५. आयोजना वा कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजना/कार्यालयको प्रगति सँग आवद्ध गरी वृत्ति विकास एवम् पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ। बजेटमा स्वीकृत कार्यक्रम, पूर्वाधार विकास तथा आयोजनाहरुको संचालन तथा कार्यान्वयनको कार्यलाई गुणस्तरीय रूपमा समयमै सम्पन्न गराउन नियमित अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिनुहुनेछ।

५६. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरु उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय, अर्थ मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा प्रत्येक महिनाको ७ गतेभित्र पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५७. नगद कारोबार गर्दा हुन सकने जोखिम कम गर्नको लागि तलब भत्ता, ओषधि उपचार, उपदान, संचित बिदाको रकम लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ। औषधि उपचार, उपदान, संचित बिदाको रकम भुक्तानी गर्दा जतिसुकै अएपनि A/C Payee चेक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

५८. अर्थ मन्त्रालयले बजेट कार्यान्वयनको स्थितिको र प्रस्तुत बजेट कार्यान्वयन मार्गदर्शन अनुरुप कार्य भए नभएको निरन्तर अनुगमन गर्नेछ। यस सन्दर्भमा बजेट वक्तव्यको आफ्नो निकाय सँग सम्बन्धित बुँदाहरुको मासिक प्रगति विवरण समयमै पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

५९. प्रदेशको आर्थिक कार्य प्रणालीलाई विधिसम्मत, अनुशासित, मितव्ययी र परिमाणमुखी बनाउन थप सहयोगको अपेक्षा गरेको छु।

६०. विकास आयोजनाहरुको अनुगमन गरी विनियोजित बजेट अनुरुप खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६१. सरकारी कार्यालय र सरकारी अनुदान प्राप्त गर्ने निकायहरुको आम्दनी र खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६२. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समिक्षा गरी क्षेत्रगत उपलब्धि सूचकसहितको प्रगति विवरण कार्यान्वयनमा आईपरेका समस्या र कारणहरु उल्लेख गरी प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा

मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

पत्र संख्याः-२०८०/८१

चलानी नम्बरः

जनकपुरधाम, नेपाल।

पठाउने व्यवस्था मिलाउनु हुनेछ ।प्रत्येक दुई दुई महिनामा अर्थ मन्त्रालयमा बजेट कार्यान्वयन समीक्षामा सहभागी हुनु हुनेछ।

आर्थिक वर्ष २०८०/८१ को बजेटसँग सम्बन्धित सम्पूर्ण प्रकाशनहरू यस मन्त्रालयको ***website: www.mof.madheshgov.np*** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

(अजय कुमार लाल कर्ण)
नि. प्रदेश सचिव

संलग्नः

प्रदेश विनियोजन ऐन, २०८० -१ प्रति ।

<u>बोधार्थः</u>

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।

श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौं ।

श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठामाडौं ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम ।